**मिति २०७८।०९।०५ गते माननीय मुख्यमन्त्रीज्यू समेतको उपस्थितिमा भएको गण्डकी प्रदेश सचिवस्तरीय बैठकका निर्णयहरुः**

१. २०७८।०८।०५ गतेको सचिव बैठकमा भएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा बैठकमा छलफल गरियो ।

२. स्वीकृत बार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्ययोजना बमोजिम सबै मन्त्रालयबाट हालसम्म भए गरेका कार्यक्रमहरुको संक्षिप्त रुपमा प्रगतिको समिक्षा गरियो ।

३. गण्डकी प्रदेशको गत आ.ब. २०७७/०७८ को एकीकृत बार्षिक प्रगति विवरण तयार गर्ने प्रयोजनका लागि सबै मन्त्रालय, निकायहरुले आवश्यक विवरणहरु उपलब्ध गराउने ।

४. प्रदेश सरकारका कार्यक्रम कार्यान्वयन गराउनको लागि विभिन्न मन्त्रालयहरुलाई आवश्यक पर्ने कानुन निर्माण गर्ने प्रकृयामा कानुन, संचार तथा प्रदेश सभा मामिला मन्त्रालयले आवश्यक सहजीकरण गर्ने ।

५. उपलब्ध श्रोत साधन र जनशक्तिको उच्चतम् सदुपयोग गरी कार्यक्रम कार्यान्वयन गराउने । साथै गैर बजेटरी खर्चलाई निरुत्साहित गर्ने ।

६. दोश्रो चौमासिक अवधिलाई द्रुततर कार्यक्रम कार्यान्वयनको अवधिको रुपमा सबै मन्त्रालयहरुले विशेष ध्यान दिने ।

७. प्रदेश सभाको हिउँदे अधिवेशनको पूर्वसन्ध्यामा आआफ्नो मन्त्रालयसँग सम्बन्धित प्रदेश सभा बैठकमा पेश गर्नुपर्ने विधेयक/विधेयकको मस्यौदा तयार गर्ने ।

८. मन्त्रालयहरुले मातहतका निकायहरुलाई प्रदेश अनुगमन प्रणालीमा स्वीकृत बार्षिक विकास कार्यक्रमको प्रगति प्रविष्ट गर्न लगाउने र मुख्य मुख्य कार्यक्रमहरुको मन्त्रालयहरुले प्रगति प्रविष्ट गराउने ।

९. गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा दरवन्दी रही युवा तथा खेलकुद मन्त्रालयको समेत कामकाज गर्ने गरी खटिनु भइ हाजिर हुनु भएका प्रदेश सचिव श्री ध्रुव गैडा लाई हार्दिक स्वागत गर्दै आगामी सफल कार्यकालको शुभकामना व्यक्त गरियो ।

२०७८।९।५

प्रमुख सचिव

Scanned with CamScanner